नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# केन्द्रीय आयोजना कार्यान्वयन इकाई

## भूकम्पीय आवास पुनर्निर्माण आयोजना

ज्वागल, ललितपुर

प.सं.: २०७४/०७५
च.नं.: 3606

मिति: २०७४/९/२६

श्री महानगरपालिका /उप-महानगरपालिका कार्यालय , सबै (३१ जिल्ला )
श्री नगरपालिका कार्यालय, सबै (३१ जिल्ला )।
श्री गाउँपालिकाको कार्यालय, सबै (३१ जिल्ला)।

विषय :- जोखिम वर्गमा पर्ने भूकम्प प्रभावित लाभग्राहीहरुको विवरण उपलब्ध गराउने सम्बन्धमा।

उपरोक्त विषयमा तहाँ स्थानीय तह अन्तर्गत जोखिम वर्गमा पर्ने भूकम्पबाट प्रभावित लाभग्राहीहरुको निजी आवास पुनःनिर्माणमा विशेष सुविधा दिई निजहरुको आवास पुनःनिर्माण कार्यमा तीव्रता दिन अति आवश्यक देखिएको हुँदा देहाय बमोजिम जोखिम वर्गमा पर्ने भूकम्पबाट प्रभावित लाभग्राहीहरुको विवरण तल उल्लेखित फारममा भरी मिति २०७४ माघ ५ गते भित्र उपलब्ध गराईदिनु हुन अनुरोध छ।

| सि.न. | लाभग्राहीको विवरण | | लाभग्राहीको ठेगाना | लाभग्राही वर्ग | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | सम्झौता क्र.सं. | लाभग्राहीको नाम | | एकल महिला | जेष्ठ नागरिक | बालबालिका | अपाङ्ग | |
| | | | | | | | | |
| | | | | | | | | |

पुनश्चः १) एकल महिला - ६० वर्ष नाघेको बेसहारा एकल महिला।
२) जेष्ठ नागरिक - ७५ वर्ष नाघेको बृद्धवृद्धा।
३) बालबालिका - १६ वर्ष मुनिका बेसहारा बालबालिका।
४) अपाङ्ग - रातो परिचय-पत्र प्राप्त अपाङ्गता भएका व्यक्ति।

उपर्युक्त जोखिम वर्गमा पर्ने लाभग्राहीको परिवारको एकाघरमा अन्य सबलाङ्ग १६ वर्षदेखि ६० वर्षसम्मका कुनै व्यक्ति नभएको हुनपर्ने छ।

(नारायण प्रसाद श्रेष्ठ)
आयोजना उप-निर्देशक

बोधार्थ :
श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरबार, काठमाडौं।
श्री जिल्ला समन्वय समितिको कार्यालय, सबै (३१ जिल्ला )
श्री जिल्ला समन्वय समितिको सचिवलय, सबै (३१ जिल्ला )

Scanned by CamScanner